Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95035
Research Article
ISSN: 3021-9035 Print

# समाज परिवर्तनमा महिला साहित्यकारको योगदान

✍डा. अम्बिका अर्याल
ambiaryal@gmail.com

## लेखसार

नेपाली साहित्य सौन्दर्यबोध र मनोरञ्जनको साधन मात्र नभएर समाज परिवर्तनको महत्त्वपूर्ण हिस्सा हो । इतिहासका विभिन्न कालखण्डमा नेपाली साहित्यकारहरूले समाज परिवर्तनमा विविध क्षेत्रबाट योगदान दिँदै आएका छन्। नारीस्रष्टाले सृजनाका माध्यमबाट समाजपरिवर्तनमा केकस्तो योगदान पुऱ्याएका छन् भन्ने जिज्ञासा हालसम्म पनि अद्यावधिकै रहेकाले सोही समस्याको समाधान खोज्ने लक्ष्य यो लेखको रहेको छ। यस अध्ययन नारी लेखनमा देखापरेका प्रवृत्तिहरूसँग सम्बद्ध सैद्धान्तिक अवधारणाका सापेक्षमा कृतिको विश्लेषण गरी ती प्रवृत्तिमार्फत् समाज परिर्वतनमा नारी स्रष्याले पुऱ्याएको योगदानको निरूपणसँग सम्बद्ध रहेकाले निगमनात्मक प्रवृत्तिको बन्न पुगेको छ। अन्तर्विषयक र गुणात्मक प्रकृतिको यो लेखमा पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ। यसमा विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरी सामग्रीको विश्लेषणपश्चात् निष्कर्षको निरूपण गरिएको छ । यस क्रममा यस लेखमा नेपाली महिला साहित्यकारहरूको ऐतिहासिक भूमिका, वैचारिक धार, प्रमुख सृजना र तिनले समाजमा पारेको प्रभावलाई प्राज्ञिक दृष्टिले विश्लेषण गरिएको छ। नारीस्रष्टाले पितृसत्तात्मक संरचनाको विनिर्माण गरी नारीअस्तित्व, स्वाभिमान र पहिचानको स्थापनाका माध्यमबाट लैङ्गिक समानता र कानुनी अधिकारको वकालतसम्बन्धी चेतना विस्तार गरेर समाज परिवर्तनमा मार्गनिर्देशक भूमिका निर्वाह गरेको निष्कर्ष यसमा निकालिएको छ । साथै शरीरराजनीति र प्रजनन अधिकारको साहसी बहस, आर्थिक आत्मनिर्भरता र श्रमको सम्मान, सामाजिक कुरीति र अन्धविश्वासको उन्मूलन, हिंसा र उत्पीडन विरुद्धको प्रतिरोधी स्वर, द्वन्द्व, युद्ध र सङ्क्रमणकालीन न्यायमा भूमिका, पौराणिक मिथकको पुनर्व्याख्या र नवीन भाष्य निर्माण, वैवाहिक दासताको विरोध र व्यक्तिगत स्वतन्त्रता, कार्यस्थलमा हुने विभेदको विरोध र पेसागत सचेतना, वैदेशिक पलायनप्रतिको चिन्ता, राष्ट्रियता र सामाजिक एकतासम्बन्धी वैचारिक धरातल निर्माण र पर्यावरणीय चेतना र दिगो विकासप्रतिको सजगता, वर्गीय असमानताको विरोध, आदर्श प्रेमको मूल्य स्थापना, दार्शनिक र आध्यात्मिक चेतनाको विकासजस्ता पक्षमा वकालत गरी नारी साहित्यले समाज परिवर्तनमा उल्लेखनीय योगदान पुऱ्याएको निष्कर्ष यो लेखको रहेको छ।

## शब्दकुञ्जी

उत्पीडन, पहिचान, पलायन, प्रजनन् अधिकार, प्रतिरोधी चेतना, शरीर राजनीति।

## विषय प्रवेश

नेपाली साहित्यमा महिला लेखनको परम्पराले दुई शताब्दी पार गरिसकेको छ । ललितत्रिपुरसुन्दरी प्रथम नेपाली नारी स्रष्टा हुन्। उनीद्वारा वि. सं. १८८१ सालमा

✍लेखक पद्मकन्या बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।

लिखित राजधर्म शीर्षकको ग्रन्थ संस्कृत भाषामा रहेको महाभारतको शान्तिपर्वबाट नेपालीमा अनुवाद गरिएको हो (प्रसाई र प्रसाई, २०७१, पृ. २००)। उनको यस कृति नारी लेखनको खडेरीलाई सिञ्चित गर्ने नेपाली नारी साहित्य परम्पराको पहिलो खुड्किलो र मार्गदर्शन बनेर उभिएको छ। यसपछि महिला लेखनले नेपाली साहित्यको प्राथमिक काल हुँदै हालसम्म निकै फड्को मारिसकेको देखिन्छ। साहित्य समाजको ऐना मात्र नभएर समाज रूपान्तरणको शक्ति पनि हो।

नेपाली समाज ऐतिहासिक रूपमा पितृसत्तात्मक संरचनामा आधारित रहँदै आएको छ, जहाँ महिलाको अस्तित्व, आवाज र स्वतन्त्रता सीमित बनाइयो। प्रारम्भिक कालमा सीमित रूपमा उपस्थित महिला स्वर समयक्रममा सशक्त, बहुल र प्रतिरोधी बन्दै गएको देखिन्छ। महिला साहित्यकारहरूले उपन्यास, कथा, कविता, निबन्ध, आत्मसंस्मरण र नियात्रामार्फत् निजी अनुभवलाई सामाजिक संरचनासँग जोड्दै समाज परिवर्तनका प्रश्न उठाएका छन्। यस्ता संरचनात्मक असमानताका बिच नेपाली महिला साहित्यकारहरूले साहित्यलाई प्रतिरोध, आत्मअभिव्यक्ति र चेतनाको माध्यम बनाए। उनीहरूको सृजना महिलाको पीडाको अभिव्यक्ति मात्र नभएर समाजमा देखापरेका रुढीवादी सोच, परम्परा, विकृति, विसङ्गति तथा विभेदको निराकरणतर्फ उन्मुख गराउने वैचारिक शक्ति हो। नेपाली महिलाका सृजनाका प्रवृत्तिका बारेमा वस्तुपरक किसिमले अध्ययन हुने गरेको भए पनि यस किसिमको सृजनाका माध्यमबाट समाज परिवर्तनमा तिनले पुऱ्याएको योगदानको भने हालसम्म अध्ययन भएको पाइँदैन। यसैलाई यस अध्ययनको शोधसमस्याका रूपमा लिएर सोको निरूपण गर्नु यसको उद्देश्य रहेको छ साथै अध्ययनको यो अन्तराललाई ध्यानमा राखेर नेपाली महिला साहित्यकारहरूको समाज परिवर्तनमा पुऱ्याएको योगदानको समग्र अध्ययन अपरिहार्य देखिनु यसको औचित्य, महत्त्व र उपयोगिता बन्न पुगेको छ। नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाउँदै आएका नेपाली नारी सर्जकका विभिन्न विधाका कृतिहरूलाई सोउद्देश्यमूलक नमुना छनोट विधिका आधारमा चयन गरी निश्चित सैद्धान्तिक अवधारणाका सापेक्षमा तिनको विश्लेषणबाट अध्ययनको निष्कर्षमा पुग्ने लक्ष्य यसले राखेको छ। यो यस अध्ययनको क्षेत्र तथा सीमा हो। यसरी यहाँ नेपाली महिला साहित्यको ऐतिहासिक पृष्ठभूमिका साथै विगतदेखि वर्तमानसम्म आइपुग्दा तिनले नेपाली समाजको परिवर्तनमा पुऱ्याएको योगदानलाई कृति र तिनका प्रवृत्तिका सापेक्षमा चर्चा गरी प्राज्ञिक समस्याको समाधानस्वरूप निष्कर्षको निरूपण गरिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत अध्ययनका लागि स्वाध्ययन कार्यबाट सामग्री सङ्कलन गरिएको छ। यसमा नेपाली नारी स्रष्टाहरूका साहित्यिक कृतिलाई प्राथमिक र तिनका कृतिले समाज परिवर्तनका लागि मार्गनिर्देश गरेका प्रवृत्तिसँग सम्बद्ध अवधारणा र विश्लेष्य कृतिका बारेमा भएको अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यी दुवै सामग्रीको समुचित प्रयोगबाट नारीस्रष्टाका कृतिले समाज परिवर्तनमा पुऱ्याएको योगदानको विश्लेषणका लागि सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ। यस क्रममा नारीवाद, मार्क्सवाद, विसङ्गतिवाद, अस्तित्ववाद, पर्यावरणीय चेतना, डायस्पोरिक चेतनाजस्ता सैद्धान्तिक अवधारणाका मूल मान्यताका सापेक्षमा कृतिविश्लेषणका आधारहरू तय गरिएको छ। पितृसत्तात्मक वर्चस्वको विरोध र प्रतिरोधी चेतना, नारीअस्तित्व, स्वाभिमान र पहिचानको स्थापना, लैङ्गिक समानता र कानुनी अधिकारको वकालत, शरीर–राजनीति र प्रजनन अधिकारको साहसी बहस, आर्थिक आत्मनिर्भरता र श्रमको सम्मान, सामाजिक कुरीति र अन्धविश्वासको उन्मूलन, हिंसा र उत्पीडन विरुद्धको प्रतिरोधी स्वर, द्वन्द्व, युद्ध र सङ्क्रमणकालीन न्यायमा भूमिका, पौराणिक मिथकको पुनर्व्याख्या र नवीन भाष्यको निर्माण, वैवाहिक दासताको विरोध र व्यक्तिगत स्वतन्त्रता, कार्यस्थलमा हुने विभेदप्रतिको विरोध र पेसागत सचेतना,

विदेश पलायनप्रतिको चिन्ता तथा राष्ट्रप्रेम,पर्यावरणीय चेतना र दिगो विकासप्रतिको सजगताजस्ता बुँदाहरूलाई विश्लेषणका ढाँचाका रूपमा लिएर विश्लेषणात्मक विधिको प्रयोग गरी समस्याको समाधान निकालिएको छ । निगमनात्मक पद्धतिको यो लेख अन्तर्विषयक र गुणात्मक प्रकृतिको बनेको छ।

## नेपाली महिला साहित्यको ऐतिहासिक पृष्ठभूमि

नेपाली साहित्यको इतिहासमा पुरुष स्रष्टाका तुलनामा महिला स्रष्टाको आगमन धेरै पछि मात्र भएको देखिन्छ। तत्कालीन पितृसत्तात्मक समाजव्यवस्था, कानुनी प्रावधान, नीतिनियम, सोच, परिस्थिति आदिले महिलाहरू शिक्षाबाट वञ्चित हुनु नै यसको कारकका रूपमा सर्वविदितै छ। तर पनि नेपाली साहित्यको इतिहास नियाल्दा प्राथमिक कालदेखि नै नारीस्रष्टाको उपस्थिति देखिन्छ । नेपाली साहित्यको प्राथमिक कालमा भानुभक्तकै कविताको प्रेरणा र प्रभावबाट नारीहरू पनि मौखिक रूपमा कविता सृजनामा लागेको अनुमान गर्न सकिन्छ। ललितत्रिपुरसुन्दरीबाट सुरु भएको नारीलेखन परम्पराले अम्बालिकादेवी, योगमाया, भगवतीकुमारी पाण्डे, प्रेमराजेश्वरी थापा, लोकप्रियादेवी, पवनकुमारीदेवी, मायादेवी सुब्बाजस्ता नारीसर्जकका योगदानबाट पृष्ठभूमि निर्माण गर्दै अघि बढेको देखिन्छ। त्यसपछि चाँदनी शाह, पारिजात, रमोलादेवी शाह 'छिन्नलता', बेन्जु शर्मा, मञ्जु काँचुली, लक्ष्मीदेवी राजभण्डारी, दिव्यानी रावल, अनुजा घिमिरे, अरुणा वैद्य, नम्रता गुरागाइँ, शुभ श्रेष्ठ, कुन्ता शर्मा, उषा शेरचन, वानिरा गिरी, तोया गुरुङ, भुवन ढुङ्गाना, बेञ्जु शर्मा, मञ्जु काँचुली, कुन्ता शर्मा, भागीरथी श्रेष्ठ, शारदा शर्मा, गीता केशरी, पद्मावती सिंह, प्रेमा शाह, माया ठकुरी, हिरण्यकुमारी पाठक, वेदकुमारी न्यौपाने, भद्राकुमारी घले, सरिता अर्याल, हरिदेवी कोइराला, प्रभा भट्टराई, इन्दिरा प्रसाई, झमक घिमिरे, बाबा बस्नेत, सुस्मिता नेपाल, नीलम कार्की 'नीहारिका', रजनी ढकाल, उन्नति बोहरा शिला, गीता त्रिपाठी, अम्बिका अर्याल, सिन्धु गौतमआदिको लेखनीबाट नारीलेखन परम्पराले झाँगिने अवसर प्राप्त गरेको छ । विभिन्न कालखण्डमा विविध विधाभित्र भिन्नभिन्न प्रवृत्तिलाई आत्मसात गर्दै देखापरेको नारीलेखन दिनानुदिन सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले फस्टाउँदै गइरहेको छ।

नेपाली साहित्यको विकाससँगै समाज परिवर्तनको चेतना पनि क्रमशः विकसित हुँदै आएको छ। भानुभक्त आचार्यपूर्वको लोकसाहित्यमा पनि सामाजिक मूल्य र नैतिक शिक्षाका तत्त्वहरू पाइन्छन्। तर लिखित साहित्यको आरम्भसँगै समाज सुधारको स्पष्ट चेतना देखिन थालेको हो । राणाकालीन दमन, पञ्चायती निरङ्कुशता तथा त्यसपछिको लोकतान्त्रिक आन्दोलनका प्रत्येक चरणमा साहित्यले प्रतिरोधी स्वर बोकेको छ । इतिहासका यी चरणमा साहित्यकारहरूले सत्ता, शोषण र अन्यायविरुद्ध जनचेतना जगाउने कार्य गरेका छन्। यी कार्यमा नेपाली महिला साहित्यकारहरूको उपस्थिति अनुकरणीय देखिन्छ। नेपाली महिलाका सृजना पुरुषप्रधान साहित्यिक इतिहासका सापेक्षमा परिमाणात्मक हिसाबले न्यून देखिए पनि गुणात्मकताका हिसाबले उल्लेखनीय देखिन्छ। प्रारम्भिक कालमा महिला शिक्षाको अभाव, सामाजिक बन्देज र धार्मिक–सांस्कृतिक रूढी, भौगोलिक विकटता आदिका कारण महिलाको साहित्यिक उपस्थिति न्यून रहे पनि हाल नारी लेखनको बाढी आइरहेको छ। ती लेखनमा देखापरेका भिन्नभिन्न प्रवृत्तिले समाजपरिवर्तनमा मार्गनिर्देशसमेत गरेका छन्। यस लेखमा त्यसको विश्लेषण र मूल्याङ्कन गरिएको छ।

## नेपाली साहित्यलेखनमार्फत् समाज परिवर्तनमा नारी स्रष्टाको योगदानको विश्लेषण

नेपाली साहित्य मनोरञ्जन, कल्पना र सृजनाको पाटो मात्र नभएर कलात्मक ढङ्गबाट दीर्घकालीन प्रभाव पार्दै ज्ञानको विस्तार गर्ने प्रभावकारी संयन्त्र समेत हो । तसर्थ साहित्य समाज परिवर्तनको मार्गनिर्देशक हुनुका साथै मानवीय संवेदना, सामाजिक न्याय तथा चेतनाको

संवाहक पनि हो । यसले समाजमा व्याप्त पितृसत्तात्मक संरचना, लैङ्गिक विभेद र कुप्रथाहरूको विनिर्माण गर्दै नारीअस्तित्व, स्वाभिमान र समानताको वकालत गर्दछ। साहित्यले युगीन द्वन्द्व, पीडा र सङ्घर्षलाई कलात्मकरूपमा प्रस्तुत गर्दै राष्ट्रियता, सांस्कृतिक रूपान्तरण र आधुनिक चिन्तनको प्रवर्द्धन गरी एक सभ्य र समतामूलक समाज निर्माणमा ठोस योगदान पुऱ्याउँछ। महिला साहित्यकारहरूले साहित्यमार्फत् पितृसत्तात्मक संरचनाको विनिर्माण तथा प्रतिरोधी चेतना, नारीअस्तित्व, स्वाभिमान र पहिचानको स्थापना, लैङ्गिक समानता र कानुनी अधिकारको वकालत, शरीर–राजनीति तथा प्रजनन अधिकारको साहसी बहस, आर्थिक आत्मनिर्भरता र श्रमको सम्मान, सामाजिक कुरीति र अन्धविश्वासको उन्मूलन, हिंसा र उत्पीडन विरुद्धको प्रतिरोधी स्वर, द्वन्द्व, युद्ध र सङ्क्रमणकालीन न्यायमा भूमिका, शैक्षिक जागरण र बौद्धिक सशक्तीकरण, पौराणिक मिथकको पुनर्व्याख्या र नवीन भाष्य, एकल महिला तथा सामाजिक लाञ्छना विरुद्धको आवाज, वैवाहिक दासता र व्यक्तिगत स्वतन्त्रता, कार्यस्थलमा हुने विभेद र पेसागत सचेतना, सांस्कृतिक रूपान्तरण, आधुनिक चिन्तन, पर्यटन, राष्ट्रियता र सामाजिक एकतासम्बन्धी चेतनाका माध्यमबाट कसरी समाज परिवर्तन गर्नमा उल्लेखनीय योगदान पुऱ्याएका छन् भन्ने तथ्यको विश्लेषण विभिन्न उपशीर्षकमा यसमा गरिएको छ।

## *पितृसत्तात्मक वर्चस्वको विरोध र प्रतिरोधी चेतना*

पितृसत्ता एक सार्वभौम र संरचनात्मक शक्ति प्रणाली हो । यसले पुरुषलाई सामाजिक, राजनीतिक र आर्थिक केन्द्रमा स्थापित गरी नारीलाई 'गौण' वा 'अधीनस्थ' स्थितिमा राख्ने काम गर्छ । पाश्चात्य नारीवादी दर्शनका सन्दर्भमा सिमोन द बुभाले आफ्नो कृति 'द सेकेन्ड सेक्स' मार्फत् नारीलाई जैविक रूपमा नभई सामाजिक रूपमा 'दोस्रो दर्जा' बनाइने तथ्यलाई उद्घाटित गरेकी छन् (बुभा, सन् १९४९, पृ. २७३)। नेपाली समाजमा महिलालाई सधैँ पुरुषको छायाका रूपमा मात्र हेरिने दृष्टिकोणलाई महिला साहित्यकारहरूले वैचारिक चुनौती दिएका छन्। पितृसत्ताले निर्माण गरेका विभेदकारी नियमहरू महिलाका लागि फलामे साङ्ला मात्र हुन् भन्ने सत्यलाई साहित्यमार्फत् उजागर गरेका छन् । पितृसत्ताले नारीलाई सधैँ दोस्रो दर्जाका रूपमा हेर्ने परिपाटी विरुद्धको सशक्त प्रतिरोधी चेतना नारीलेखनमा मुखरित भएका छन्। कविता, कथा, उपन्यास, निबन्ध, नियात्रा, आत्मसंस्मरण आदि विधामा कलम चलाउँदै महिलाहरूले पितृसत्तात्मक वर्चस्वमाथि प्रश्न उठाउँदै त्यसका विरुद्धमा प्रतिरोधी चेतनाका माध्यमबाट समाजपरिवर्तनको दिशामा मार्गनिर्देश गरेको पाइन्छ।

नारी कविहरूले कविता विधाका माध्यमबाट समाजमा स्थापित शक्ति संरचनालाई भत्काउन उत्प्रेरकको भूमिका खेलेको छन्। यो क्रममा कुन्ता शर्माले 'पोथी बास्नुहुँदैन', 'हामी सहँदै जाउँला' जस्ता कविताका माध्यमबाटै परम्परागत निषेधलाई तोड्दै महिलाको सार्वजनिक उपस्थितिलाई अनिवार्य घोषणा गरेकी छन् । 'पोथी बास्नुहुँदैन' शीर्षकको कवितामा उनी लेख्छिन् :

*टेक गर्नु हुँदैन*
*थुनछेक गर्नु हुँदैन*
*मालिक-मालिक रट्नुपर्छ*
*यन्त्रजस्तो भएर खट्नुपर्छ*
*नयाँ परिवेशमा टेक्नु हुँदैन*
*पोथी बास्नु हुँदैन ।*

(शर्मा, २०७४, पृ. २६२)

पितृसत्ताले निर्माण गरेको सोच र नियमप्रति आपत्ति जनाउँदै भाले र पोथीका उपमामा नारी र पुरुषलाई उभ्याएर नारीको आवाजलाई दबाइने पितृसत्तात्मक परिपाटीप्रति यस कविताले व्यङ्ग्य गरेको छ। यो प्रवृत्तिका कविहरूमा पारिजात, वानिरा गिरी, सरस्वती प्रतीक्षा, रजनी ढकाल आदिको उपस्थिति देखिन्छ। यस्तै पुरुषप्रधान समाजमा नारीलाई वस्तुका रूपमा हेर्ने पुरुष दृष्टिकोणलाई नारी उपन्यासकारहरूले आफ्ना पात्रमार्फत् कडा चुनौती दिएका छन् । यसले समाजमा पुरुषको एकलौटी निर्णय गर्ने अधिकार र वर्चस्वलाई प्रश्नको घेरामा ल्याएको छ। प्रेमा

शाहको मम्मी, वानीरा गिरीको निर्बन्ध, कारागार र गीता केशरीको विश्वास, नयाँ अध्याय, पद्मावती सिंहको समानान्तर आकाश, अम्बिका अर्यालको अविश्रान्त जस्ता उपन्यासहरूले पितृसत्तात्मक सोचले नारीजीवनमा पारेका घाउहरूलाई प्रस्ट पारेका छन्। पुरुषले बनाएका नियमहरू पुरुषका निम्ति सहज भए पनि महिलाका निम्ति फलामे साङ्ला भएको तथ्य प्रस्तुत गर्दै त्यसप्रतिको विद्रोही चेतनासमेत यसमा प्रस्तुत गरेका छन् । यस्तै जलेश्वरी श्रेष्ठको मौन विद्रोह कथासङ्ग्रहभित्रका कथाले घरेलु उत्पीडन सहेर बस्नु हुँदैन भन्ने क्रान्तिकारी सन्देश दिएको छ। माया ठकुरी, प्रेमा शाह, भागीरथी श्रेष्ठ आदि महिला कथाकारका कथामा पितृसत्तात्मक संरचनाले नारीमाथि गरेको विरोध र विभेदविरुद्ध सशक्त रूपमा आवाज उठाउँदै आएका छन्।

नेपाली नारी साहित्यकारका निबन्धमा समेत पितृसत्तात्मक सोच र विभेदपूर्ण व्यवहारप्रतिको विद्रोही चेतनाका माध्यमबाट समाज परिवर्तनको ढोका उघारिएको छ। पारिजातका धूपी सल्ला तथा लालीगुँरासको फेदमा र एउटा चित्रमय सुरुवात जस्ता निबन्धसङ्ग्रहभित्रका वैचारिक निबन्धहरूले पितृसत्ता र वर्गीय विभेदको दोहोरो मारमा परेका नारीहरूको अवस्थालाई देखाउँदै नारीमुक्तिलाई लैङ्गिक विषय मात्र नभई राजनीतिक मुक्तिको अङ्गका रूपमा व्याख्या गरेका छन्। यस्तै सुधा त्रिपाठी,इन्दिरा प्रसाई, मोमिला, शारदा शर्मा, बाबा बस्नेत, उषा थपलिया आदिका निबन्धमा पितृसत्तात्मक सोच र व्यवहारको विरोध गर्दै समतामूलक समाजनिर्माणको यात्रातर्फ मार्गनिर्देश गरिएको छ।

यसरी महिलाहरूका साहित्यिक लेखनीले पितृसत्तालाई एक शोषणकारी संयन्त्रका रूपमा परिभाषित गर्दै शिक्षित समाजमा नारी अधिकारका विषयलाई दयाको रूपमा नभई न्यायको रूपमा हेर्ने दृष्टिकोण अघि सारेको छ। नारीहरूका कृतिहरूले पितृसत्ताका जराहरू उखेल्न र समाजलाई समतामूलक बनाउन ऐतिहासिक भूमिका खेलेका छन्।

## *नारीअस्तित्व, स्वाभिमान र पहिचानको स्थापना*

नारीअस्तित्व र पहिचानको खोजी नेपाली नारी साहित्यको एक सशक्त वैचारिक पक्ष हो। यसले नारीलाई कसैको अधीनस्थ वस्तु वा दोस्रो दर्जाका नागरिकका रूपमा नभएर एक स्वायत्त मानवका रूपमा स्थापित गर्दछ। पाश्चात्य चिन्तक सिमोन द बुभाले नारीलाई 'अन्य' वा 'दोस्रो' बनाइने पितृसत्तात्मक प्रवृत्तिको विरोध गर्दै नारीको आफ्नै स्वतन्त्र अस्तित्वको वकालत गरेकी छन् (बुभा, सन् १९४९, पृ. १६) । नेपाली साहित्यमा यही अस्तित्ववादी चेतनालाई आत्मसात गरिएका कृतिहरू नारीहरूले रचना गरेको पाइन्छ । यी कृतिमा नारीको आफ्नै स्वत्व र स्वाभिमानको खोजी गरिएको छ। कविता विधामा पुरुषले जति गर्न सक्छ नारीले पनि त्यति नै सक्ने सन्दर्भको उठान गर्दै नारीको समान अस्तित्वको वकालत गर्ने मानुषी कविताकी सर्जक पारिजातदेखि नारीको पहिचानलाई पारिवारिक नाता र पुरुषको परिचयभन्दा बाहिर निस्केर परिभाषित गर्दै नारी कसैको अर्धाङ्गिनी मात्र नभएर आफ्नै सिङ्गो अस्तित्व भएको दाबी गर्ने वानिरा गिरीका कविताले नारीअस्तित्व, स्वाभिमान र पहिचानको स्थापनाको दिशातर्फ समाजलाई मार्गनिर्देश गरेको छ। मोमिला, सीमा आभास, सरस्वती प्रतीक्षा, सरिता तिवारी आदिका कविताले नारीअस्तित्व र पहिचानकै वकालत गरेका छन्।

नारीहरूका उपन्यासले पनि नारीअस्तित्वको खोजी गर्दै पहिचानको आवाज बुलन्द गरेको छ। पारिजातका शिरिषको फूल, महत्ताहीन र अन्तर्मुखी आदि उपन्यासले नारीअस्तित्वलाई नयाँ दार्शनिक उचाइ प्रदान गरेका छन्। वानीरा गिरिका कारागार र निर्बन्ध जस्ता उपन्यासले नारीलाई पितृसत्ताको साङ्लामा बाँधेर उसको स्वतन्त्रता खोस्ने प्रवृत्तिको कडा विरोध गर्दै नारी पुरुषको दास होइन भन्ने सन्देश प्रवाह गरेको छ । गीता केशरीको सौगात उपन्यासमा स्वतन्त्र अस्तित्व र पहिचानका लागि नारीमा जागृत चेतनालाई 'भाग् अहिले नै भाग्, भागेर आफ्नै मेहनतले बाँच्न सिक्, यसरी कैदमा रहिरहिस् भने तेरो हातखुट्टा

बस्ने छन् अनि जीवनभर अरूकै आश्रयमा बाँच्नुपर्नेछ हेला सहेर, दुःख भोगेर' (पृ. २९) भन्ने प्रतिभाको कथनमार्फत् प्रस्तुत गरिएको छ । यसमा नारीहरू अर्काको भरमा बाँच्नुभन्दा आत्मनिर्भरताको खोजीमा लाग्नुपर्ने विचारका माध्यमबाट नारीको स्वतन्त्र अस्तित्वको वकालत गरिएको छ। यस्तै इन्दिरा प्रसाई, नीलम कार्की 'निहारिका', उषा शेरचन, अञ्जना पौडेल, कल्पना अधिकारी, पुण्यरश्मि खतिवडा, सरस्वती प्रतीक्षा, अम्बिका अर्याल, भाषा भण्डारी आदिका उपन्यासमा नारीको मूल्य पशुसरह मान्ने सामाजिक दृष्टिकोणलाई विस्थापित गरेर नारी गरिमालाई उच्च राखेको देखिन्छ।

कथा विधामा पनि नारीको आफ्नै नाम, आफ्नै काम र आफ्नै विशिष्ट पहिचान हुनुपर्छ भन्ने चेतनालाई नारी कथाकारले कथामार्फत् जागृत गरेका छन् । पद्मावती सिंहको मौन स्वीकृति कथासङ्ग्रहमा सङ्गृहित विचलित मन शीर्षकको कथामा नारीको अस्तित्वको खोजीप्रतिको सचेतना प्रस्तुत गरिएको छ। यस कथामा म पात्र भन्छे : 'स्त्री एक पत्नीमात्र होइन, उसमा पनि पुरुषमा जस्तै मानवीय इच्छा, आकाङ्क्षा, महत्वाकाङ्क्षा र अस्तित्वबोध हुन्छ। के यो मानवीय स्वभाव हैन र ? पत्नी भनेको यन्त्रमानव त हैन नि जे पतिले भन्छ, यन्त्रचालित भएझैँ खुरुखुरु गर्ने' (सिंह, २०६५, पृ. २५)। म पात्रको यस किसिमको कथनले पतिले आफूलाई मान्छेका रूपमा नभएर केवल दासी पत्नी वा भोग्याका रूपमा हेरेको सन्दर्भमा जागृत विद्रोहलाई प्रस्तुत गरेको छ। निबन्ध र आत्मसंस्मरणमा नारीको 'स्वत्व' को खोजी सबैभन्दा प्रखर रूपमा आएको छ। झमक घिमिरेको 'जीवन काँडा कि फूल' आत्मजीवनीमा आधारित निबन्धसङ्ग्रहभित्र नारी र अपाङ्गताप्रतिको सङ्कुचित दृष्टिकोणप्रति प्रश्न उठाउँदै साहसिक कदमका माध्यमबाट नारीस्वत्वको वकालत गरिएको छ। वेदकुमारी न्यौपानेजस्ता नारी सर्जकहरूले नाटक विधामा नारी पात्रहरूलाई स्वाभिमानी र निर्णायक भूमिकामा प्रस्तुत गरी नारीको स्वतन्त्र अस्तित्वको माग गरेको देखिन्छ।

यसरी नेपाली नारीसाहित्यले नारी हुनुको पीडालाई गौरवमा बदल्ने र आफ्नो अस्तित्वका लागि कडा सङ्घर्ष गर्ने पात्रहरू सृजना गरेर समाजलाई नयाँ दिशा दिएका छन् । पहिचानको यो सङ्घर्षले नारीहरूलाई सामाजिक र राजनीतिक क्षेत्रमा आफ्नो अधिकार दाबी गर्न सक्षम बनाएको छ। सिमोन द बुभा र क्रिस्टेभाका अस्तित्ववादी र विनिर्माणवादी दर्शनलाई नेपाली धरातलमा व्यावहारिक रूपमै उतार्दै नारीस्रष्टाले नारीलाई स्वाभिमानी नागरिकका रूपमा उभ्याएका छन्। यसले समग्र समाजलाई समावेशी, न्यायपूर्ण तथा लैङ्गिक संवेगात्मक बनाउन ऐतिहासिक योगदान पुऱ्याएको छ।

## *लैङ्गिक समानता र कानुनी अधिकारको वकालत*

नेपाली नारीसाहित्यले सौन्दर्यबोधको परिधिभन्दा माथि उठेर लैङ्गिक समानता र कानुनी न्यायका लागि एक सशक्त वैचारिक आन्दोलनको भूमिका निर्वाह गरेको छ। पाश्चात्य नारीवादी चिन्तक बेट्टी फ्राइडनले आफ्नो कृति 'द फेमिनाइन मिस्टिक' मा घरेलु बन्धनभित्र नारीको पहिचान गुम्ने खतरालाई औँल्याउँदै सार्वजनिक क्षेत्रमा समान अवसरको माग गरेकी छन् (फ्राइडन, सन् १९६३, पृ. १५)। नेपाली नारीस्रष्टाहरूले पनि लिङ्गका आधारमा गरिने सामाजिक, शैक्षिक र आर्थिक विभेद विरुद्ध प्रहार गर्दै अंश, वंश र अवसरमा महिलाको समान अधिकार हुनुपर्ने मुद्दालाई सबै विधामा मुखरित गरेका छन् । पारिजात, कुन्ता शर्मा, विन्दु शर्मा, वेञ्जु शर्मा, पञ्चकुमारी परियारलगायतका नारीकविका कविताले लैङ्गिक समानता र कानुनी अधिकारको माग गरेको पाइन्छ।

उपन्यास विधाले जैविक भिन्नतालाई सामाजिक विभेदको आधार बनाउने तत्कालीन रूढिवादी सोचमाथि कडा प्रहार गरेको छ। अम्वालिकादेवीको 'राजपुत रमणी' बाट सुरु भएको यो विद्रोही चेतनाले गीता केशरीका उपन्यासहरूसम्म आइपुग्दा कार्यस्थल र पेसागत जीवनमा हुने लैङ्गिक विभेदको गहिरो चित्रण गरेको छ। पवनकुमारी देवीको प्रतिज्ञा र मायादेवी सुब्बाको पश्चात्तापजस्ता प्रारम्भिक कृतिहरूले नारीलाई शिक्षाबाट वञ्चित गरिने सामाजिक

परिपाटीको विरोध गर्दै लैङ्गिक न्यायको आधार तयार पारेका छन्। यी उपन्यासहरूले नारीलाई कसैको अधीनस्थ एकाइ होइन, बरु एक स्वतन्त्र र पूर्ण मानवका रूपमा स्थापित गरेका छन् । नीलम कार्की 'निहारिका' को चीरहरण उपन्यासमा लैङ्गिक समानताको वकालत गर्दै परासर ऋषिले सत्यवतीको प्रश्नको उत्तरमा प्रकट गरेको मनोभाव यस्तो छ : 'पुत्रीको पनि महत्त्व छ। निकै विशाल महत्त्व। कसैले नकार्न सक्दैन यो सत्य। तिमी नै भन, के पुत्रीविना यो संसार सम्भव छ ? नारीविना पुरुषको जीवनको कुनै अर्थ रहन्छ ?' (पृ. ५०)। यसमा ऋषिको कथनका माध्यमबाट लैङ्गिक समानतासम्बन्धी विचारप्रस्तुत गरिएको छ।

कथा विधामा सुस्मिता नेपाल, ममता शर्मा नेपाल, बेन्जु शर्मा, माया ठकुरी, मञ्जु काँचुली, इन्दिरा प्रसाई, शान्ता श्रेष्ठ, इल्या भट्टराई, साधना प्रतीक्षाजस्ता नारीहरूको उपस्थिति लैङ्गिक समानताको वकालतमा देखिएको छ। शान्ता श्रेष्ठको कृति 'आक्रोशका काँडाहरू' लैङ्गिक विभेद विरुद्धको एउटा बलियो दस्तावेज हो । यसमा समाजले नारीलाई 'दोस्रो दर्जा' को नागरिकका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन हुनुपर्ने विचार प्रस्तुत गरिएको छ। यस्तै नारीका कथाहरूले पैतृक सम्पत्तिमा समान पहुँच र नागरिकताको अधिकार जस्ता जटिल कानुनी मुद्दाहरूलाई कथात्मक शिल्पमा प्रस्तुत गरेर आम नारीलाई कानुनी उपचार खोज्न प्रेरित गरेका छन्। यसले समाजमा छोरा र छोरी बिचको विभेदकारी खाडललाई कम गर्न र समानताको बहसलाई घरको चौघेराबाट निकालेर सार्वजनिक सडक र संसद्सम्म पुऱ्याउन योगदान दिएको छ।

निबन्ध विधामा लैङ्गिक समानताको संवैधानिक र कानुनी आधारलाई बौद्धिक रूपमा बलियो बनाइएको छ। पीताम्बरा उपाध्याय, सुलोचना मानन्धर र कुन्ता शर्माका निबन्धहरूले राज्यका हरेक अङ्गमा समान सहभागिताको विषयलाई नीतिगत तहसम्म पुऱ्याउन सघाएका छन् । नेपाली नारीनिबन्धकारहरूले धर्म र संस्कृतिका नाममा लादिएका विभेदकारी लैङ्गिक पर्खालहरूलाई तर्कमार्फत् भत्काउने आँट गरेका छन्। यसले लैङ्गिक समानता नारीको मात्र नभई एक आधारभूत मानव अधिकारको विषय हो भन्ने चेतना फैलाएको छ।

यसरी नेपाली नारीसाहित्यले लैङ्गिक समानतालाई वैचारिक मार्गचित्र प्रदान गर्दै समाजलाई समतामूलक दिशातर्फ डोऱ्याउन ऐतिहासिक भूमिका खेलेको छ । सिमोन द बुभा र बेट्टी फ्राइडनका समानतावादी दर्शनलाई नेपाली परिवेशको कानुनी र सामाजिक सङ्घर्षसँग जोडेर नारीस्रष्टाहरूले मौन अनुभवलाई सार्वजनिक बहसको विषय बनाएका छन्। यसले गर्दा नै आज नेपाली कानुनमा रहेका कतिपय विभेदकारी प्रावधानहरू संशोधन भएर नारीको समान नागरिक हैसियत स्थापित हुने क्रममा छ। यसर्थ नारी लेखनले नेपाली समाजको लोकतान्त्रिकरण र सामाजिक न्यायको आधारस्तम्भ निर्माणमा अतुलनीय योगदान पुऱ्याएको छ।

## *शरीर-राजनीति र प्रजनन अधिकारको साहसी बहस*

नारीशरीर र यौनिकताका बारेमा समाजमा विद्यमान सङ्कुचित सोच र 'ट्याबु'हरूलाई विनिर्माण गर्न नेपाली नारी साहित्यले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । पाश्चात्य नारीवादी चिन्तकहरू लुस इरिगरी तथा हेलेन सिक्ससले नारी शरीरमाथिको पुरुषवादी एकाधिकारलाई चुनौती दिँदै नारीले आफ्नै शरीरमार्फत् बोल्नुपर्ने धारणा अघि सारेका छन् (सिक्सस, सन् १९७६, पृ. ८७५) । नेपाली साहित्यमा यही शरीर–राजनीतिको भाष्यलाई आत्मसात् गर्दै आफ्नो शरीरमाथिको स्वामित्व र प्रजननको निर्णय स्वयम् नारीले नै गर्न पाउनुपर्ने मान्यतालाई नारी लेखकले स्थापित गरेका छन्। कुन्ता शर्मा, बिना थिङ, मोमिला, राधिका कल्पित, अम्बिका अर्याल आदि नारी कविका कवितामा नारीशरीरमाथि नारीकै अधिकार हुने विचार प्रस्तुत गरिएको पाइन्छ।

नारीका उपन्यासमा प्रेम, विवाह र यौनिकता जस्ता नितान्त व्यक्तिगत विषयमा नारीको निर्णय गर्ने क्षमतालाई

प्रमुखताका साथ उठाएको छ । वानिरा गिरीको निर्बन्ध, रुकु कार्कीको मधुरिमा र उमा सुवेदीको तोदा, नीलम कार्की निहारिकाको चीरहरण जस्ता उपन्यासले नारीले कोसँग सम्बन्ध गाँस्ने भन्ने निर्णय स्वयंले लिन पाउनुपर्ने वकालत गरेका छन् । अनुपम रोशीको कुमारी आमा र मनिषा गौचनको ह्वाइट केन जस्ता आधुनिक उपन्यासले विवाहको संस्थाभन्दा बाहिर रहेर पनि आमा बन्न पाउने वा पुरुषसँग स्वतन्त्र जीवन बिताउन पाउने साहसी विचारहरू सम्प्रेषण गरेका छन्। गीता केशरीको विश्वास उपन्यासमा नारीपात्र देवीको कथनमार्फत् पनि नारीको सन्तान उत्पादनमा हुने वैयक्तिक अधिकारलाई प्रस्तुत गरिएको छ । 'दैवले मलाई कसैको स्वास्नी भएर दाम्पत्यजीवन बिताउन दिएन भन्दैमा मेरो आमा बन्ने अधिकार त छिनेको छैन' (पृ. १३४) भन्ने उसको कथनले सो कुराको पुष्टि गरेको छ। नारीका कथाभित्र नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्ने पुरुषवादी दृष्टिकोणलाई विस्थापित गरी एक स्वायत्त र मर्यादित शरीरका रूपमा चित्रण गरिएको छ। कथा विधामा पनि नारी लेखकहरूले नारीको संवेगात्मक र शारीरिक स्वतन्त्रताको सशक्त पैरवी गरेका छन्। नारीका कथाहरूले वैवाहिक सम्बन्धभित्र हुने बलात्कार र नारीको इच्छाविपरीत गरिने यौन व्यवहारलाई गम्भीर सामाजिक अपराधका रूपमा चित्रण गरेका छन् । नारीको मञ्जुरी विनाको सम्बन्ध प्रेम हुन सक्दैन भन्ने सत्यलाई स्थापित गर्दै समाजमा लुकाइएका र गुम्सिएका यौन शोषणका विषयहरूलाई निर्धक्कसँग बहसमा ल्याएका छन्। बेञ्जु शर्मा, जलेश्वरी श्रेष्ठ, भागीरथी श्रेष्ठ, माया ठकुरी, नीलम कार्की 'निहारिका' आदिका कथाले यौनप्यास मेटाउन नारीलाई साधनका रूपमा प्रयोग गर्ने पुरुषहरूको मुकुण्डो उतार्दै समाजको चेतना स्तरलाई माथि उठाएको छ।

निबन्ध विधामा शरीर–राजनीतिको मुद्दालाई वैज्ञानिक र दार्शनिक तर्कका आधारमा व्याख्या गरिएको छ। बेञ्जु शर्मा र कमला न्यौपानेका वैचारिक लेखहरूले नारीको शारीरिक अखण्डता र सम्मानको पक्षमा सशक्त जनमत निर्माण गरेका छन् । यिनका निबन्धहरूले यौनिकताका बारेमा समाजमा रहेका अन्धविश्वासलाई चुनौती दिँदै नारी शरीरमाथिको पुरुषवादी एकाधिकार अन्त्य हुनुपर्ने माग गरेका छन्। आत्मसंस्मरण र जीवनीहरूमा पनि नारीहरूले आफ्ना शारीरिक भोगाइ र प्रजनन स्वास्थ्यका सङ्घर्षलाई इमानदारीपूर्वक प्रस्तुत गरी आफ्नो शरीरमाथि नारीकै अधिकार हुनुपर्ने मान्यतालाई नारी लेखकले जनस्तरसम्म पुऱ्याएका छन्।

यसरी नेपाली नारीसाहित्यले शरीर–राजनीतिको माध्यमबाट नारीस्वतन्त्रताको दायरालाई व्यापक बनाएको छ। लुसी इरिगरीले भनेझैँ नारी शरीरलाई पुरुषको ऐनाका रूपमा मात्र हेर्ने परिपाटीलाई भत्काउँदै नेपाली स्रष्टाहरूले यसलाई अधिकारसम्पन्न र स्वायत्त एकाइका रूपमा स्थापित गरेका छन्। यसले समाजमा नारीलाई वस्तुका रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्न तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा क्रान्तिकारी नीतिगत परिवर्तन ल्याउन उत्प्रेरकको भूमिका निर्वाह गरेको छ।

आर्थिक आत्मनिर्भरता र श्रमको सम्मान र वर्गीय चेतना आर्थिक परनिर्भरता नै नारी उत्पीडनको आधारभूत कारण हो भन्ने तथ्यलाई नेपाली नारीसाहित्यले गम्भीर समाजशास्त्रीय दृष्टिकोणबाट केलाएको छ । पाश्चात्य मार्क्सवादी चिन्तक फ्रेडरिक एङ्गेल्सले निजी सम्पत्तिको उदयसँगै नारीको घरेलु श्रमको अवमूल्यन भएको तर्क अघि सारेका छन् भने समकालीन चिन्तक सिल्भिया फेडरिचीले नारीको बेतलबी घरेलु श्रमलाई पुँजीवादको अदृश्य आधारका रूपमा व्याख्या गरेको पाइन्छ (एङ्गेल्स, सन् २००४, पृ. ८)। नेपाली नारीकविताले यही श्रमको लैङ्गिक विभाजन र अवमूल्यन विरुद्ध आवाज उठाएका छन् । पारिजात, कुन्ता शर्मा, विन्दु शर्मा, गौरी देवकोटा, उर्मिला कोइराला आदिका कविताले नारीको अनुत्पादक मानिएको श्रमलाई आर्थिक र सामाजिक मूल्य प्रदान गर्न समाजलाई बाध्य पारेका छन्।

उपन्यास विधाले नारीमुक्तिका लागि आर्थिक स्वावलम्बनलाई अनिवार्य पूर्वसर्तका रूपमा स्थापित गरेको छ। पारिजातको अनिदो पहाडसँगै, परिभाषित आँखाहरू,

श्रेष्ठ प्रिया पत्थरको पुनरावृत्ति, गीता केशरीको बदलिँदो क्षितिज, सरस्वती प्रतीक्षाको नथियाजस्ता उपन्यासमा गरिब नारीहरूले गरिब तथा नारी भएका कारणले भोग्नु परेका पीडा र त्यसप्रति नारीमा जागृत सचेतना प्रस्तुत गरिएको छ। पद्मावती सिंहको समानान्तर आकाश उपन्यासमा आफूमाथि सधैँ शोषण तथा नियन्त्रण गर्ने श्रीमान्को विरोध गर्ने कृष्णमायाको कथन यस्तो छ : 'अब म तीसित डराएर बस्दिनँ। मलाई धेरै हेपे। धेरै सहेँ। दुई पैसा कमाएर हात थाप्न नपरे हेप्दैनन् कि । त्यही सधैँ हात थाप्न परेर र त्यसको कमाइ खान परेर त हो नि मेरो मालिक भएर हात छोडेको (पृ. ३०)' । यसमा नारीलाई केवल घरभित्रको सेवामूलक कार्यमा सीमित नराखी आर्थिक उत्पादन र व्यवस्थापनको नेतृत्व तहमा सहभागी हुनुपर्ने सन्देश दिइएको छ। नारी आर्थिक रूपमा सबल हुँदा मात्र परिवार र समाजमा उनको निर्णयको कदर हुन्छ भन्ने वैचारिक आधार यी उपन्यासहरूले तयार पारेका छन्। यसले मध्यमवर्गीय नेपाली परिवारमा छोरीलाई व्यावसायिक बनाउने सोचको विकास गरेको छ।

नारीका कथामा पुरुष कमाउने र नारी रमाउने भन्ने पुरातन मान्यतालाई विनिर्माण गर्दै नारीलाई उत्पादक र आश्रयदाताका रूपमा प्रस्तुत गरिएको छ। नारीपात्रहरूले व्यापार, व्यवसाय वा नोकरीमार्फत् परिवारको आर्थिक जिम्मेवारी सम्हालेको देखाउँदै त्यसले समाजको परम्परागत आर्थिक ढाँचामा हलचल ल्याएको सन्दर्भलाई नारीकथाले प्रस्ट पारेका छन्। कमला पराजुली, गङ्गा श्रेष्ठ, हरिमाया भेटवाल आदिका कथाले आर्थिक सशक्तीकरणले नै नारीमाथि हुने घरेलु हिंसामा कमी ल्याउन सक्छ भन्ने सत्य समेटेका छन् । निबन्ध तथा आत्मसंस्मरणमा आर्थिक स्वतन्त्रतालाई नारीवादी आन्दोलनको मेरुदण्डका रूपमा व्याख्या गरिएको छ । इन्दिरा प्रसाई र पद्मावती सिंहका वैचारिक निबन्धहरूले नारीहरू पुरुषको आर्थिक नियन्त्रणमा रहँदासम्म वास्तविक स्वतन्त्रता असम्भव रहेको तर्क पेस गरेका छन् । नारीका निबन्धहरूले नारी केवल उपभोग्य वस्तु मात्र नभएर उत्पादक शक्ति बन्नुपर्ने धारणा प्रस्तुत गरेका छन्। यसले समाजमा महिलाहरूको व्यावसायिक सहभागिता र साना उद्योगमा उनीहरूको नेतृत्वलाई प्रवर्द्धन गरेको छ । नारीसर्जकले आत्मसंस्मरणहरूमा पनि नारीहरूले आफ्नै पौरखले आर्जन गरेको सम्मान र आत्मनिर्भरताको सङ्घर्षलाई प्रस्तुत गरी नयाँ पुस्तालाई स्वरोजगारका लागि अभिप्रेरित गरेका छन्।

यसरी नेपाली नारीसाहित्यले आर्थिक पक्षलाई लैङ्गिक समानताको मुख्य कडीका रूपमा स्थापित गरेको छ। एङ्गेल्सले भने झैँ श्रमको पुनर्मूल्याङ्कन गर्दै नेपाली स्रष्टाहरूले नारीलाई पराश्रित भूमिकाबाट मुक्त गरी आर्थिक निर्णयकर्ता र समाजको सक्रिय आर्थिक एकाइका रूपमा उभ्याएका छन् । यसले केवल साहित्यमा मात्र नभएर नेपाली समाजको आर्थिक संरचना तथा सम्पत्तिमाथिको अधिकारसम्बन्धी कानुनी व्यवस्थामा समेत आमूल परिवर्तन ल्याउन उत्प्रेरकको भूमिका निर्वाह गरेको छ।

## *सामाजिक कुरीति र अन्धविश्वासको उन्मूलन*

नेपाली समाजमा धर्म र संस्कृतिको आडमा जरा गाडेर बसेका बोक्सी प्रथा, छाउपडी, रजस्वला बार्ने परम्परा र दाइजो जस्ता कुप्रथाहरूले नारीको मानवीय गरिमालाई परापूर्वकालदेखि नै अपमानित गर्दै आएका छन्। पाश्चात्य नारीवादी चिन्तक जुडिथ बटलरले यौनिकतासम्बन्धी अवधारणा प्रस्तुत गर्ने क्रममा लिङ्गका आधारमा तय गरिएका सांस्कृतिक भूमिका र व्यवहारहरू प्राकृतिक नभई कृत्रिम कार्य सम्पादन मात्र हुन् भन्ने तर्क राखेकी छन् (बटलर, सन् १९९०, पृ. २५) । नेपाली नारीसाहित्यले बटलरको यही विनिर्माणवादी सोचलाई आत्मसात् गर्दै परम्परागत कुरीतिहरूलाई सामाजिक अपराधका रूपमा नङ्ग्याएको छ।

उपन्यास विधाले बोक्सी प्रथा र छाउपडी जस्ता अमानवीय परम्पराहरूलाई आफ्नो मुख्य प्रहारको विषय बनाएको छ। पवनकुमारी देवीको प्रतिज्ञा, प्रभा कैनीको अनावृत, वेदकुमारी न्यौपाने धुवाँजस्ता उपन्यासले समाजको अन्धविश्वासलाई चिरेका छन्। यी उपन्यासहरूले संस्कारले

जोकोहीलाई सम्मानित जीवन दिनुपर्ने मान्यतालाई स्थापित गरेका छन्। निबन्ध र आत्मसंस्मरण विधाले कुरीतिहरूलाई वैज्ञानिक र मानवीय आधारमा गलत प्रमाणित गर्ने कार्य गरेका छन्। उमा कार्की, गायत्री लम्साल, सरला कोइराला, ललिता दोषी, विमला तुम्खेवा, कुमारी लामा, ज्ञानु अधिकारी जस्ता स्रष्टाहरूले आफ्ना निबन्धमा रुढिवादी अन्धविश्वास र कुप्रथाहरू विरुद्ध कानुनी अभियानलाई वैचारिक बल प्रदान गरेका छन् । यी निबन्धकारहरूले तर्क र तथ्यका आधारमा समाजलाई कुरुपताबाट मुक्त हुन आवाहन गर्दै वैज्ञानिक चेतना फैलाउन सघाएका छन् ।

कथा विधामा पनि नारीस्रष्टाहरूले सामाजिक अन्धविश्वास विरुद्ध कडा प्रतिरोध व्यक्त गरेका छन् । कथाहरूमा पात्रहरूमार्फत् कुरीतिलाई चुनौती दिँदा त्यसले पाठकमा प्रत्यक्ष प्रभाव पारी सामाजिक व्यवहार परिवर्तनमा मद्दत पुऱ्याएको छ। बोक्सी प्रथाका नाममा दिइने अमानवीय यातनालाई कथाकारहरूले गम्भीर सामाजिक अपराधका रूपमा चित्रण गरेका छन्। यसले समाजको पुरातन सोचमा हलचल ल्याउँदै पीडित नारीहरूका लागि न्यायको खोजी गर्ने वातावरण सृजना गरेको छ। शान्ता श्रेष्ठको आक्रोशका काँडाहरू कथासङ्ग्रहको 'तेस्रो आँखा' शीर्षकको कथामा इच्छाविपरीत बाल्यकालमै बहुलाहा पुरुषसँग विवाह गरिदिएपछि विधवा बनेकी नारीको सङ्घर्षलाई प्रस्तुत गरिएको छ। यसमा महिनावारी हुनुअघि नै बिहे गरिदिएर पुण्य कमाउने विश्वास बोकेका बाबुआमा तथा बहुलाहाको बिहे गरिदिएपछि रोग निको हुने धारणा बोकेको समाजले लैङ्गिक आधारमा नारीमाथि गरेको विभेद तथा शोषणको विरोध गरिएको छ (पृ. ३६)। यसरी नारीका कथामा सम्पत्तिमा समान अधिकार, बाल तथा अनमेल विवाहको विरोध, विधवा नारीहरूले दोस्रो बिहेमा पाउनुपर्ने स्वतन्त्रताजस्ता विषयमा आवाज उठाएर समाजमा विभिन्न प्रथाले ल्याएको कुरीतिको विरोधप्रतिको सचेतना प्रस्तुत गरिएको छ।

यसरी नेपाली नारी साहित्यले समाजलाई रूढिवादी परम्पराबाट मुक्त गरी वैज्ञानिक तथा मानवीय सोचतर्फ डोऱ्याउन ऐतिहासिक योगदान पुऱ्याएको छ। जुडिथ बटलरले भने झैँ सांस्कृतिक रूपमा थोपरिएका पहिचानहरूलाई भत्काउँदै नेपाली नारी स्रष्टाहरूले एक न्यायपूर्ण र सभ्य समाजको परिकल्पना गरेका छन्। यसले साहित्यमा मात्र नभएर नेपाली समाजको सांस्कृतिक रूपान्तरण र कुरीति विरुद्धको कानुनी सुदृढीकरणमा समेत मार्गनिर्देशक भूमिका निर्वाह गरेको छ।

## *हिंसा र उत्पीडन विरुद्धको प्रतिरोधी स्वर*

नेपाली नारीसाहित्यले पितृसत्तात्मक संरचनाभित्र हुने हिंसालाई व्यक्तिगत पीडाका रूपमा मात्र नभई एक व्यवस्थित राजनीतिक दमनका रूपमा प्रस्तुत गरेको छ। सिमोन द बुभाले 'द सेकेन्ड सेक्स' मा नारीलाई 'अदर' बनाइने प्रक्रियाको व्याख्या गरे झैँ नेपाली स्रष्टाहरूले नारी शरीरमाथि पुरुषको स्वामित्व रहने धारणालाई चुनौती दिएका छन्। नारीका कवितामा हिंसा र उत्पीडनको विषय छताछुल्ल हुने गरेका छन् । पारिजात, वानिरा गिरीदेखि वर्तमानमा राधिका कल्पित, रजनी ढकाल, सुलोचना मानन्धर, उषा शेरचन, विन्दु शर्मा, तर्कना शर्मा आदिका कवितामा महिला हिंसा र उत्पीडनको विरोध गरिएको पाइन्छ । नारीका उपन्यासले समाजमा लुकाइएका यौन शोषण र घरेलु हिंसाका विषयहरूमाथि चेतावनीका साथ खबरदारी गरिरहेको छ। कमला न्यौपानेको उसको सपना, गीता केशरीको आवाज, पारिजातको परिभाषित आँखाहरूजस्ता उपन्यासमा नारीलाई भोग्याका रूपमा मात्र हेर्ने र उपभोग गर्न खोज्ने पुरुषप्रवृत्तिको विरोध गरिएको छ। बाबा बस्नेतको रातकी रानी, ललिता दोषीको उन्माद, अनुपम रोशीको कालो छायाँ, कविता पौडेलको सीमावारि सीमापारि, पद्मावती सिंहको निःशब्द यात्राजस्ता उपन्यासमा समेत नारीमाथि यौनशोषण, हिंसा र दुर्व्यवहार गर्ने परिपाटीको विरोध प्रस्तुत गरिएको छ । यसरी नारीका उपन्यासले महिलामाथि हुने गरेका यौनहिंसा र नारीलाई भोग्य वस्तुका रूपमा हेर्ने पुरुषवादी दृष्टिकोणको कडा आलोचना गरेका छन्।

नारीका कथा विधामा हिंसापछिको मानसिक आघात

र सामाजिक तिरस्कारको चित्रण मार्मिक ढङ्गले गरिएको छ। भागीरथी श्रेष्ठ, माया ठकुरी, सावित्री श्रेष्ठ, सीता अर्याल, सीता पाण्डे, अञ्जना पौडेल आदिका कथाहरूले यौनहिंसामा परेका वा पीडितलाई नै दोषी देख्ने सामाजिक मनोविज्ञानको विरोध गरेका छन् । इन्दिरा प्रसाईको 'मेरो कथा नलेखिदिनू' कथासङ्ग्रहमा सङ्गृहीत 'श्री' शीर्षकको कथामा विधवा बुहारी कान्छीलाई आफ्नै ससुराले यौनशोषण गरेको सन्दर्भको विरोध गरिएको छ (पृ. ७९)। श्रीकै बाबुले अफिसको कामका नाममा तरुनी युवतीसँग गरेको रासलीलाको विरोध गरी आमाले सम्बन्धविच्छेद गरेकी छ। समाजका अगाडि छोरीको नाम दिएर भित्रभित्रै यौनप्यास मेटाउने बाबु, बलात्कार गरी गर्भिणी तुल्याएर भाग्ने यौनपिपासु, नारीलाई यौनतिर्खा मेटाउने साधनबाहेक अरू केही नदेख्ने पुरुषका विरुद्धमा नारीमा जागृत चेतना नारीका कथामा अभिव्यक्त भएका छन्। नारी सर्जकले निबन्ध विधाका माध्यमबाट पनि हिंसा विरुद्धको सङ्घर्षलाई कानुनी र राजनीतिक अधिकारसँग जोडेका छन्। शान्ता श्रेष्ठ, बेञ्जु शर्मा, गायत्री विष्ट आदिका निबन्धले महिला सहभागिताको माग गर्दै निर्णयप्रक्रियामा नारीको उपस्थिति बिना हिंसा अन्त्य नहुने तर्क गरेका छन्।

यसरी नेपाली नारीसाहित्यका यी स्वरहरूले समाजमा व्याप्त नारी मौनताको संस्कृतिलाई पूर्णतः अस्वीकार गरेका छन् । कवितादेखि निबन्धसम्मका विधाहरूले हिंसालाई महिलाको नियति मान्ने रूढिवादी सोचलाई भत्काएका छन् । यसले गर्दा नारीहरू आफ्ना अधिकार र सुरक्षाका लागि सचेत हुनुका साथै न्यायका लागि लड्न वैचारिक रूपमा सङ्गठित भएका छन् । यसरी साहित्यले नेपाली समाजमा हिंसामुक्त जीवनको अधिकारका लागि एक शक्तिशाली ढालको काम गरेको छ।

## द्वन्द्व, युद्ध र सङ्क्रमणकालीन न्यायमा भूमिका

सशस्त्र द्वन्द्वका समयमा महिलाहरूले भोगेका विशिष्ट तथा बहुआयामिक पीडाहरूलाई नेपाली नारीका साहित्यले मानवतावादी दृष्टिकोणबाट प्रस्तुत गरेको छ। युद्धभन्दा शान्तिको आवाहनमा जुटेका नारीकलमले द्वन्द्व, हिंसा, युद्ध र सङ्क्रमणलाई जरैबाट निर्मुल पार्ने उपाय सुझाउन भुलेका छैनन्। नेपाली नारीका कविता, उपन्यास, निबन्ध, नाटक, गीत तथा कथा र आत्मसंस्मरणहरूमा युद्धको वीभत्स रूपको वर्णनसँगै शान्तिको गाथा गाइएको छ। उषा शेरचनको 'युद्धलाई रोक्न सकेका छैनौं' शीर्षकको कवितामा शान्तिको आवाहन गर्दै भनेकी छन् :

*बुद्धको देशमा रगत उम्लनु भन्दा बढि*
*-विडम्बना अरू के हुन सक्छ -*
*बुद्धको देशमा शान्ति हराउनु भन्दा बढि*
*-दुर्भाग्यपूर्ण कुरा अरू के हुन सक्छ -*

(उषा शेरचन, युद्धलाई रोक्न सकेका छैनौ, कविताकोशबाट)

उषा शेरचनको यस कवितामा युद्धको कुरूपता, विडम्बना र मानवीय मूल्यहरूको क्षयप्रति गहिरो चिन्ता प्रकट गरिएको छ । यसले युद्धको घृणित स्वरूपप्रति चेतावनी दिँदै युद्धविरोधी मान्यतालाई प्रस्तुत गरेको छ। यसरी मानिसले विवेक र कर्तव्य बिर्सँदै गएर अनाहकमा युद्ध निम्त्याएको सन्दर्भप्रति सचेत कविता नारीकविको पहिचान बनेको छ।

उपन्यास र कथा विधामा नारीसर्जकले द्वन्द्वकालीन समयमा विस्थापित भएका र बेपत्ता परिवारका सदस्यहरूको पर्खाइमा रहेका नारीहरूको संवेगात्मक भोगाइलाई उतारेका छन्। शान्ता श्रेष्ठ, उषा शेरचन, राधा पाण्डे, सुमी लोहनी आदिका कथाले युद्धले घरपरिवार भत्काउने र सपनाहरू नष्ट गर्ने यथार्थलाई सूक्ष्म ढङ्गले प्रस्तुत गरेका छन्। यी कथाहरूले सङ्क्रमणकालीन न्यायको प्रक्रियामा पीडितको आवाज समावेश हुनुपर्ने माग राख्दै समाजमा मेलमिलापको वातावरण निर्माण गर्न सहयोग पुऱ्याएका छन् । निबन्ध विधामा बन्दना ढकाल, सुशीला खड्का, रीता साह जस्ता स्रष्टाहरूले युद्धका घाउहरूमा शान्तिको मल्हम लगाउन मानवीय संवेदनाको वकालत गरेका छन्। निबन्धहरूले हिंसाले कुनै पनि समस्याको समाधान नहुने र संवादबाटै दीर्घकालीन शान्ति सम्भव छ भन्ने सन्देश दिएका छन्।

यसले द्वन्द्वपीडित महिलाहरूका लागि न्याय र परिपूरणको माग गर्दै राज्यलाई जवाफदेही बनाएको छ। साहित्यले युद्धपछिको समाजलाई मानवीय र न्यायपूर्ण बनाउन एक वैचारिक सेतुको कार्य गरेको छ।

यसरी नेपाली नारीसाहित्यले युद्धलाई केवल जित र हारमा नभई 'मानवीय क्षति' का रूपमा परिभाषित गरेको छ। साहित्यले युद्धपछिको सङ्क्रमणकालीन न्यायको प्रक्रियामा एउटा साक्षीको काम गरेको छ। यसले समाजलाई द्वन्द्वको पुनरावृत्ति हुन नदिन सचेत गराउँदै शान्तिको भविष्य नारीको नेतृत्व र सहभागितामा मात्र सम्भव छ भन्ने सन्देश दिएको छ। यसरी साहित्यले नेपाली समाजको शान्ति प्रक्रियालाई थप समावेशी र मानवीय बनाउन ऐतिहासिक योगदान दिएको छ।

## *पौराणिक मिथकको पुनर्व्याख्या र नवीन भाष्यको निर्माण*

परम्परागत रूपमा सीता, द्रौपदी र अहिल्या जस्ता पौराणिक पात्रलाई केवल 'सहनशील' वा 'पीडित' का रूपमा चित्रण गर्ने धार्मिक भाष्यलाई नेपाली नारीका सृजनाले पुनर्निमाण गरेको छ। कवितामा पारिजात, कौशिला रिसाल, साधना प्रतीक्षा, जानुका शर्मा आदिले पौराणिक मिथकको पुनर्व्याख्या गर्दै परिवर्तनको आवाज बुलन्द गरेका छन्। परम्परागत मिथकमाथि प्रश्न उठाउँदै वर्तमान परिप्रेक्ष्यमा नारीअधिकार र समानताका पक्षधरतालाई आत्मसात् गरेर नारीप्रतिका दृष्टिकोणमा सकारात्मक सुधारको अपेक्षामा निर्मित नवीन भाष्य नारीस्रष्टाका सृजनामा प्रस्तुत भएका छन्। अम्बिका अर्यालको साहित्य पोष्टमा प्रकाशित 'नारी म युग हुँ !' कविताले नारीलाई कमजोर, सहनशील, पीडित पात्रका रूपमा लिने परम्परागत मिथकविरुद्ध धावा बोलेको छ।

उपन्यास विधामा इन्दिरा प्रसाई, नीलम कार्की 'निहारिका', सरस्वती प्रतीक्षा, शारदा शर्मा आदि लेखकहरूले पौराणिक मिथकको विमिथकीकरण गर्दै नारीको दृष्टिकोणले पुनर्लेखन गरेका छन्। यसले पुरुषका अहङ्कार र गल्तीका कारण नारीले भोग्नुपरेको अपमान र त्यस विरुद्धको सूक्ष्म प्रतिरोधलाई उजागर गरेको छ। परम्परागत रूपमा सती र सहनशील मानिएका पात्रहरूलाई उपन्यासले विद्रोही र सचेत मानवका रूपमा प्रस्तुत गरेको छ। यसले समाजमा स्थापित पौराणिक 'आदर्श' को मापदण्डलाई चुनौती दिएको छ। यही प्रवृत्तिलाई कथा, निबन्ध तथा आत्मसंस्मरणमा पनि नारीस्रष्टाले भित्र्याएको देखिन्छ। नारी स्रष्टाले विभिन्न विधामा पौराणिक मिथकको पुनर्निमाण गर्दै आधुनिक नारीका समस्याहरूसँग तिनलाई जोडेर समाजलाई नयाँ सन्देश दिन सफल भएका छन्। यस्तै नारीसाहित्यले एकल महिलालाई समाजको मूलधारमा ल्याउन र उनीहरूमाथिको सामाजिक उत्पीडन अन्त्य गर्न ऐतिहासिक भूमिका खेलेको छ। यसले एकल महिलाका पक्षमा सकारात्मक सामाजिक वातावरण निर्माण गरेको छ र समाजलाई सङ्कुचित संस्कारबाट मुक्त गरी मानवीय न्यायको पक्षमा उभिन प्रेरित गरेको छ। सिन्दूर र पोतेमा महिलाको भाग्य खोज्ने समाजलाई कर्म र साहसको महत्त्व बुझाउन साहित्य सफल भएको छ।

यसरी पौराणिक मिथक, सामाजिक संस्कार, चालचलन र रुढीवादी परम्परामाथि नै धावा बोल्दै आधुनिक समयमा नारीका पीडा, व्यथा र चाहनालाई मध्यनजर गर्दै समतामूलक समाजको निर्माणमा मार्गदर्शक भूमिका निर्वाह गर्ने कृतिहरू सृजना गरेर सामाजिक रूपान्तरणमा नारी स्रष्टाहरूले ठुलो टेवा पुऱ्याएको देखिन्छ।

## *वैवाहिक दासताको विरोध र व्यक्तिगत स्वतन्त्रता*

विवाहलाई समर्पण तथा दासताको रूपमा बुझ्ने परम्परागत सोचलाई नेपाली नारी साहित्यले उग्रनारीवादी र अस्तित्ववादी दृष्टिकोणले चुनौती दिएको छ। वैवाहिक बलात्कार र व्यक्तिगत स्वतन्त्रताको हननमाथि प्रश्न खडा गर्दै विवाहलाई सम्झौताका रूपमा स्विकारे पनि दासताका रूपमा लिन नमिल्ने अवधारणा नारीका कवितामा पोखिएका छन् नारी उपन्यासहरूले वैवाहिक संस्थाभित्र हुने अदृश्य श्रम शोषणलाई प्रमुखताका साथ उठाएका छन्। गीता

केशरीको विश्वास, भाषा भण्डारीको परिवर्तनको पृष्ठभूमि, रुकु कार्कीको मधुरिमा, उमा सुवेदीको तोदाजस्ता उपन्यासमा नारी आफैँले कोसँग प्रेम गर्ने र विवाह गर्ने भन्ने सम्बन्धमा आफैँ निर्णय लिन पाउनुपर्ने विषयको उठान गरिएको छ। वैवाहिक सम्बन्ध विना आमा बन्न पाउनुपर्ने विचार रोशीको कुमारी आमा उपन्यासमा प्रस्तुत भएको छ भने मनिषा गौचनको ह्वाइट केन उपन्यासमा वैवाहिक सम्बन्ध नजोडी पुरुषसँग स्वतन्त्र जीवन बिताउन पाउनुपर्ने विचार प्रस्तुत गरिएको छ। मनिषा गौचनको वल्लीको डायरी उपन्यासमा वेश्यावृत्ति पेसामा लागेको लोग्नेलाई छाड्ने स्वतन्त्र निर्णय गरेर स्वदेश फर्केकी नारी र कल्पना बान्तवाको कायाकल्प उपन्यासमा स्वतन्त्र रूपमा समाजसेवामा लाग्ने र सांसारिक मोहभन्दा धार्मिक र आत्मिक शान्तिको पथमा पाइला चाल्ने नारीको उपस्थितिले नारीको वैयक्तिक स्वतन्त्रतालाई नै द्योतन गरेको छ।

कथा विधाले प्रेम र विवाह जस्ता नितान्त व्यक्तिगत विषयमा नारीको आफ्नै निर्णय हुनुपर्ने विचारलाई स्थापित गरेको छ। विन्दु सुब्बा र इन्दिरा प्रसाईंका कथाहरूमा नारी पात्रहरूले वैवाहिक दासतालाई अस्वीकार गर्दै आफ्नो स्वायत्तताको खोजी गरेको देखाइएको छ। जलेश्वरी श्रेष्ठको मौन विद्रोह कथासङ्ग्रहभित्रका कथाका नारीहरूले प्रजनन, सन्तान निर्धारण, यौनसम्बन्ध, सम्बन्धविच्छेद आदिमा स्वतन्त्रता पाएका छन्। यसभित्रको 'बदला' शीर्षकको कथामा विवाहपछि लोग्नेले शारीरिक सम्बन्ध नराखेकाले सन्तानको रहरलाई मेटाउन पतिकै साथीबाट वीर्यदान लिएर गर्भवती बनेकी अरुणाको स्वतन्त्र निर्णय प्रस्तुत गरिएको छ। यस्तै 'सम्झौता' शीर्षकको कथामा परस्त्रीसँग सम्बन्ध राख्ने लोग्नेले अनेक लाञ्छना लगाएर निर्दोष श्रीमतीलाई त्यागेपछि श्रीमतीले विधुर अमरबहादुरसँग बिहे गरेकी हुनाले सम्बन्धविच्छेद तथा वैवाहिक सम्बन्ध स्थापनामा नारीको वैयक्तिक निर्णयप्रतिको सचेतना प्रस्तुत भएको छ। यस्तै नारीका निबन्ध, नाटक र आत्मसंस्मरण जस्ता विधामा पनि वैवाहिक जीवनमा नारीको शरीर र श्रममाथि उसको आफ्नै स्वामित्व हुनुपर्ने चेतनालाई प्रस्तुत गरिएको छ। यसले वैवाहिक बलात्कारलाई गम्भीर अपराधका रूपमा स्थापित गर्न र वैवाहिक सम्बन्धलाई समानताको आधारमा पुनर्गठन गर्न वैचारिक बल प्रदान गरेको छ।

यसरी नारीद्वारा सृजित विभिन्न विधाका साहित्यले वैवाहिक सम्बन्धका अँध्यारा पाटाहरू उज्यालोमा ल्याएर समाजलाई न्यायपूर्ण बनाउन सघाएको छ। विवाहलाई नारीको खुसी र स्वतन्त्रताको बाधक नभई परिपूरक बनाउनु पर्ने चिन्तनलाई नारीका साहित्यले स्थापित गराएको छ। यसले घरभित्रको लोकतन्त्रलाई त बलियो बनाएको छ नै। साथमा नारीहरू वैवाहिक जीवनभित्र हुने शोषणविरुद्ध बोल्न र आफ्नो अधिकार खोज्न सक्षम हुँदै गएका छन्। यसले नेपाली समाजको पारिवारिक संरचनामा समानताको बीजारोपण गरेको छ।

## *कार्यस्थलमा हुने विभेदको विरोध र पेसागत सचेतना*

पेसागत क्षेत्रमा महिलाहरूले भोग्नुपर्ने लैङ्गिक विभेदका विरुद्ध नेपाली नारीसाहित्यले उदारवादी र मार्क्सवादी नारीवादी दृष्टिकोणबाट आवाज उठाएको छ। कार्यस्थलमा हुने यौन हिंसा र पारिश्रमिक विभेद विरुद्ध नारीहरूले कविता सृजना गरेका छन्। गीता केशरीको नोकरी र पद्मावती सिंहको समानान्तर आकाश, अम्बिका अर्यालको अविश्रान्त उपन्यासले जागिरे नारीका समस्या र उनीहरूले घर र अफिसको दोहोरो जिम्मेवारी निभाउँदाका सङ्घर्षलाई देखाएका छन्। नारीका कथाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा लिङ्गका आधारमा गरिने क्षमताको अवमूल्यन विरुद्ध सचेतना फैलाएको छ। नारीका कथाहरूमा शिक्षण, नर्सिङ, पत्रकारिताजस्ता क्षेत्रमा सफल नारीपात्रहरू प्रस्तुत गरिएको छ। यसले नारीहरू जटिल र चुनौतीपूर्ण पेसाहरूमा पनि पुरुषसरह सक्षम हुन सक्छन् भन्ने प्रमाणित गरेको छ। यसले समाजलाई नारीको व्यावसायिक क्षमताको कदर गर्न तथा कार्यस्थललाई महिलामैत्री बनाउन दबाब सृजना गरेको छ। नारीका

निबन्धमा कामकाजी महिलाका अधिकार र सुरक्षाका पक्षमा बलियो पैरवी गरिएको छ। यसले कार्यस्थलको वातावरण सुधारका लागि ठुलो दबाब सृजना गरेको छ।

यसरी नारीसाहित्यले नारीलाई व्यावसायिक रूपमा सबल बनाउन र कार्यस्थलका अवरोधहरू हटाउन ऐतिहासिक भूमिका खेलेको छ। यसले समाजको आर्थिक र पेसागत ढाँचालाई समावेशी बनाउन मार्गप्रशस्त गरेको छ। साहित्यमा व्यक्त यी विचारहरूले कार्यस्थलको संस्कृति बदल्न मद्दत गरेका छन् र समग्र समाजलाई नै महिलाको व्यावसायिक क्षमताको कदर गर्न बाध्य पारेका छन्। यसले नेपाली समाजको आर्थिक विकासमा महिलाहरूको सक्रिय सहभागितालाई सुनिश्चित गर्न वैचारिक धरातल तयार पारेको छ।

## *विदेश पलायनप्रतिको चिन्ता तथा राष्ट्रप्रेम*

नेपाली नारीसाहित्यले विविध भूगोल, जातजाति र समुदायका मानिसका साझा सङ्घर्षलाई जोडेर समावेशी राष्ट्रियता र सामाजिक सद्भाव बलियो बनाउन सहयोग गरेको छ। हिमाल, पहाड र तराईका मानिसका पीडा र सपनाहरूलाई एउटै सूत्रमा गाँसेर कविताले भावनात्मक एकता कायम गरेका छन्। युवाहरूको विदेश पलायनबाट उत्पन्न जटिल परिस्थितिको चित्रण गर्दै 'परदेशीलाई पत्र' शीर्षकको कवितामा कवि प्रभा भट्टराई लेख्छिन् :

***भन्छन् खै सुन फल्छ त्यो मुलुकमा सारा खुसी छन् त्यहीं***
***होलाझैँ पनि लाग्छ, फर्कन यता खोज्दैन कोही पनि***
***केले तान्छ घरीघरी किन उतै ? कस्तो छ त्यो चुम्बक ?***
***जिज्ञासा अति बल्झियो मनभरि, केही बताऊ न त !***

(प्रज्ञा समकालीन प्रतिनिधि नेपाली छन्द कविता, पृ. १९१)

यसमा नेपालका युवाहरूलाई धनको मोहमा विदेश पलायन हुनुपरेको बाध्यता र त्यसप्रतिको जिज्ञासा प्रस्तुत गरिएको छ। यसले विदेशप्रतिको मोहको कारण र स्वदेश फर्कन नमान्नुको कारणप्रति प्रश्न गर्दै विदेश पलायन नहुन आग्रह गरिएको छ। यस्तै चन्द्रा न्यौपाने, सृजना पाण्डे, गायत्री तिमल्सिना, प्रभा पोखरेल, सीता अर्याल, सम्झना थापा मगर, माया बस्नेत थापा, भगवती अर्याल पाण्डेका कविताहरूले राष्ट्रप्रेम, राष्ट्रिय एकता, सांस्कृतिक संरक्षण, सभ्यताको गौरवलाई केन्द्र बनाएका छन्।

नारीका उपन्यासहरूले नेपालको प्राकृतिक सुन्दरता र स्थानीय जीवनशैलीको चित्रण गर्दै राष्ट्रियताको गौरव बढाएका छन्। दुर्गम भेगका नारी सङ्घर्षलाई समेटेर लेखिएका उपन्यासले भौगोलिक विभेद हटाउन र राष्ट्रिय एकता बलियो बनाउन सघाएका छन्। विभिन्न जाति र भाषाभाषीका नारी पात्रहरूका माध्यमबाट उपन्यासले नेपाली समाजको विविधता र त्यसभित्रको एकतालाई झल्काएका छन्। कथा विधामा सिमान्तकृत समुदायका नारीका आवाजलाई मूलधारमा ल्याउने काम गरिएको छ। हिमालदेखि तराईसम्मका नारीका साझा व्यथालाई कथाहरूले प्रस्तुत गर्दा यसले समाजमा न्याय र समानताको खोजी केवल सहरमा मात्र नभई गाउँगाउँसम्म पुगेको छ। कथाहरूले हाम्रो आँसुको रङ एउटै छ र सङ्घर्षको बाटो पनि एउटै हो भन्ने सन्देशमार्फत् जातीय र क्षेत्रीय सङ्कुचिततालाई हटाउन सहयोग गरेका छन्। यसले समग्र नेपालको चित्र र चरित्रलाई साहित्यमार्फत् जीवन्त बनाएको छ।

निबन्ध विधाले समावेशी राष्ट्रियताको वकालत गर्दै नेपालको विविधतालाई सम्पत्तिका रूपमा ग्रहण गरेको छ। विदेश पलायन भएका युवालाई स्वदेश फर्कन आग्रह गर्दै लेखिएका तथा विदेशमा बसेर घर सम्झेर विचलित भएका नेपाली समुदायको डायस्पोरिक भावलाई समेटेर लेखिएका निबन्धले राष्ट्रियताको महिमा गाएका छन्। विविधतामा एकता भएको सन्देश बोकेका निबन्ध, नाटक तथा आत्मसंस्मरणले नेपाली समाजलाई थप उदार र समावेशी बनाएका छन्। यसले राष्ट्रिय गौरव र सामाजिक एकतालाई प्रगाढ बनाउन वैचारिक सेतुको काम गरेको छ।

यसरी नारीसाहित्यले भूमण्डलीकरणको समयमा विश्वभर छरिएका नेपालीको स्वदेशप्रतिको मोह र स्वदेश फिर्तीको आग्रहका साथै सामाजिक एकता र राष्ट्रप्रेमको भाव जागृत गराएर स्वदेशको सेवामा लाग्ने भावलाई

सिञ्जित गरेको छ। यसले तितरवितर भएका युवालाई स्वदेशी भूमिमै फर्काएर आफ्नै मातृभूमिको विकास तथा रक्षा गरी देशको पहिचान र गरिमा बचाउने सन्देशका माध्यमबाट समाजपरिवर्तनको दिशामा मार्गनिर्देश समेत गरेको छ।

## *पर्यावरणीय चेतना र दिगो विकासप्रतिको सजगता*

नारी स्रष्टाहरूले प्रकृति र मानवबिचको सम्बन्धलाई नयाँ ढङ्गले व्याख्या गर्दै वातावरण संरक्षणमा जोड दिनुपर्ने विचार प्रस्तुत गरेका छन्। यो किसिमको चेतना पर्यावरणीय चेतना हो। यसले मानवइतिहासलाई प्रकृतिसँग जोडेर हेर्छ। मानवसभ्यताको विकासका क्रममा प्रकृतिको भूमिका केकस्तो छ र कसरी वातावरणीय परिवर्तनले इतिहासलाई प्रभावित गरेको छ भन्ने कुरामा यसले जोड दिन्छ (बुयल, सन् २००५, पृ. १४)। आधुनिकीकरणसँगै मानिसले गरेका विकास, त्यसले गरेको प्राकृतिक दोहन र त्यसप्रतिको असन्तुष्टि, प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह, मानवकेन्द्रित सोचको आलोचना, विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व, प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प, पर्यावरण संरक्षणमा सामूहिक चेतना र जिम्मेवारी, सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना र पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको आग्रह पर्यावरणीय चेतनाका मुख्य अवधारणा हुन्। नारीस्रष्टाका कविता, कथा, उपन्यास, निबन्ध आदि रचनामा यस किसिमको चेतनालाई प्रस्तुत गरिएको पाइन्छ। सरस्वती श्रेष्ठ 'सरू' को एक भुल्को घाम ओर्ले सडकमा कवितासङ्ग्रहभित्रको 'माटो' शीर्षकको कविता प्रकृतिको सहनशीलताको प्रतीक बनेर उभिएको छ :

*यहाँ आफ्नैले लात मारेर गए*
*यहाँ आफ्नैले भात मारेर गए*
*यहाँ आफ्नैले बात मारेर गए*
*र पनि गुनासो गर्दैन माटो*
*दुखेसो पोख्दैन माटो ।* (पृ. ४६)

यसले प्रकृतिप्रतिको आस्था तथा सहनशीलतालाई माटोको त्याग र मौनताका माध्यमबाट देखाएको छ। मानिसको स्वार्थी व्यवहारको उल्टो चरित्रका रूपमा देखिने प्रकृति सदैव प्राणी तथा वनस्पतिको हितमा रहेको तथ्यका माध्यमबाट पर्यावरणीय चेतना पनि प्रस्तुत गरिएको छ। सोही भाव राधिका पन्त, दुर्गा किरण तिवारी आदिको कवितामा पनि भेटिन्छ। यस्तै नारीका उपन्यासमा पनि पर्यावरणप्रतिको सचेतनालाई प्रस्तुत गरिएको छ। यसमा अनिता पन्थीको अनायोजित,यसै प्रवृत्तिको उपन्यास हो। यात्रासंस्मरणात्मक निबन्धहरूमा जलवायु परिवर्तनले महिलाको दैनिक जीवनमा पार्ने कठिन प्रभावहरूलाई केलाइएको छ। यस किसिमका नियात्रामा भवानी खतिवडाको प्रणाम सगरमाथा, रञ्जु दाहालको डोहोडोहो डोल्पो लगायतका कृतिहरू पर्दछन्। यस्तै निबन्धमा पनि पर्यावरणीय चेतनालाई आधार मानेर थुप्रै निबन्धहरू लेखिएका छन्। यी कृतिले वातावरण संरक्षण अभियानमा नारीको मौलिक ज्ञान र नेतृत्वलाई समेत स्थापित गरेको छ।

यसरी नारीसाहित्यले पर्यावरणीय चेतनालाई समेत भुलेको छैन। यसले नारी र प्रकृतिलाई सादृश्यमा उभ्याएर लैङ्गिक र सामाजिक न्यायको मुद्दाका रूपमा स्थापित गर्न पनि अघि सरेको देखिन्छ। पारिस्थितिक विनाशले सबैभन्दा बढी महिलाहरूलाई नै प्रभावित गर्दछ भन्ने अवधारणालाई समेत आत्मसात गरिएका कृतिहरू नारीका कलमबाट सृजना हुन थालेका छन्। जेहोस्, नारीहरूले वातावरण संरक्षण र पारिस्थितिकीको जगेर्नामा देखाएको चिन्ता तथा चिन्तनले आधुनिकीकरणका नाममा प्रकृतिकै क्षयीकरण गरिने पद्धतिप्रति प्रश्न उठाएको छ। साथै समाजको सोचमा परिवर्तन ल्याउँदै नेपाली समाजलाई दिगो र सन्तुलित विकासको बाटो देखाएको छ।

नेपाली नारी लेखनले यी बाहेक पनि थुप्रै विषयको उठान गरेर नेपाली समाजलाई परिवर्तनको दिशामा मार्ग निर्देशकको भूमिका निर्वाह गरिरहेको छ। खासगरी आदर्श प्रेमको पाठ सिकाउन र स्वार्थपूर्ण र सौन्दर्यलिप्सामा मग्न भएको नक्कली प्रेमको विरोध गर्न नारी लेखन पछि परेका

छैनन् । मातृत्व, भातृत्व र मित्रवत् प्रेमको पाठ सिकाउनमा पनि यी अग्रभूमिमै देखिएका छन् । शोक, रोग र भोकका आवाजलाई कुल्चिएर सत्ता लिप्सामा डुबेका भ्रष्ट नेताप्रति व्यङ्ग्यको झटारो हान्नमा पनि नारीका सृजना पछि परेका छैनन् । यति मात्र नभएर गीत, गजल, मुक्तक, सुसेली, हाइकु, लघुकथा, खण्डकाव्य, महाकाव्य आदिका माध्यमबाट पनि नारीस्रष्टाहरूले समाजपरिवर्तनका लागि विविध किसिमका आवाजहरू बुलन्द गरिरहेका छन् । तसर्थ एउटा छोटो लेखमा नेपाली नारी स्रष्टाले समाज परिवर्तनका लागि चालेका कदम र पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु असम्भवप्रायः नै देखिन्छ । तर पनि केही विशेष पक्षहरूलाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरेर नेपाली नारीसाहित्यले समाजपरिवर्तनमा खेलेका भूमिका तथा उपलब्धिलाई समेट्ने प्रयत्न मात्र गरिएको हो ।

## *निष्कर्ष*

नेपाली नारी साहित्य भावनाका संवाहक मात्र नभई नेपाली समाजको संरचनात्मक र वैचारिक रूपान्तरणका ऐतिहासिक पुर्जा हुन् । पितृसत्ताको नारीप्रतिको दृष्टिकोण र भाष्यलाई चुनौती दिँदै नेपाली नारी स्रष्टाहरूले साहित्यका माध्यमबाट नारीको स्वतन्त्र अस्तित्व र भूमिकाको वकालत गरेका छन् । नेपाली साहित्यका विविध विधामा सक्रिय र हँदै आएका नारी स्रष्टाहरूले आफ्ना सृजनामार्फत् शिक्षा, स्वास्थ्य र कानुनी सचेतना मात्र फैलाएका छैनन्, समाजले किनारामा राखेका र लुकाइएका विषयलाई सार्वजनिक बहसको केन्द्रमा ल्याएर पितृसत्तात्मक सत्ताको जग नै हल्लाएका छन् । नारीसाहित्यले कुरूप संस्कृति र पुराना मिथकलाई भत्काएर नयाँ मानवीय संस्कृति निर्माणको वकालत गरेको छ । यसले गर्दा बोक्सी प्रथा, दाइजो र एकल महिलामाथिको सामाजिक लाञ्छना विरुद्ध शून्य सहनशीलताको वातावरण निर्माण भएको छ । नारी साहित्यकारहरूले व्यक्तिगत पीडालाई सामाजिक मुद्दामा रूपान्तरण गर्दै वैवाहिक दासता, कार्यस्थलमा हुने विभेद र श्रमशोषण विरुद्ध सशक्त मोर्चाबन्दी गरेका छन् । नारी स्रष्टाहरूले नारीलाई केवल 'भोग्या' वा 'रक्षक' का रूपमा मात्र नभई कुशल प्रशासक, उद्यमी र राजनीतिक अभियन्ताका रूपमा चित्रण गरी समाजको मनोविज्ञानमा आमूल परिवर्तन ल्याएका छन् । हिमाल, पहाड र तराईका मानिसका साझा सङ्घर्षलाई जोडेर यसले एक समावेशी राष्ट्रियताको जग बसालेको छ । यसले प्रकृतिको संरक्षण, पारिस्थितिक प्रणालीप्रतिको सचेतनालगायत प्रकृति तथा नारीको सहअस्तित्वको नयाँ भाष्य निर्माण गर्दै दिगो विकासको मार्गचित्र प्रस्तुत गरेको छ । वैदेशिक रोजगारीका पीडादेखि आधुनिक वैज्ञानिक चिन्तनसम्म फैलिएको नारी साहित्यले नेपाली समाजलाई जडताबाट गतिशीलता र अन्धविश्वासबाट विवेकपूर्ण आधुनिकतातर्फ डोऱ्याउन सफल भएको छ । यसरी शरीरराजनीति र प्रजनन अधिकारको साहसी बहस, आर्थिक आत्मनिर्भरता र श्रमको सम्मान, सामाजिक कुरीति र अन्धविश्वासको उन्मूलन, हिंसा र उत्पीडन विरुद्धको प्रतिरोधी स्वर, द्वन्द्व, युद्ध र सङ्क्रमणकालीन न्यायमा भूमिका, पौराणिक मिथकको पुनर्व्याख्या र नवीन भाष्य निर्माण, वैवाहिक दासताको विरोध र व्यक्तिगत स्वतन्त्रता, कार्यस्थलमा हुने विभेदको विरोध तथा पेसागत सचेतना, वैदेशिक पलायनप्रतिको चिन्ता तथा राष्ट्रियता र सामाजिक एकतासम्बन्धी वैचारित धरातल निर्माण र पर्यावरणीय चेतना र दिगो विकासप्रतिको सजगता, वर्गीय असमानताको विरोध, आदर्श प्रेमको मूल्य स्थापना, दार्शनिक र आध्यात्मिक चेतनाको विकासजस्ता पक्षमा वकालत गरी नारी साहित्यले समाज परिवर्तनमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यतिमात्र नभएर विकृति र विसङ्गतिमाथि धावा बोल्दै आदर्श प्रेम तथा राष्ट्रियताप्रति जोड दिएका नेपाली नारी साहित्यकारहरूले आफ्नो कलमलाई समाजको 'ऐना' र 'अस्त्र' दुवैका रूपमा प्रयोग गर्दै न्यायपूर्ण, समतामूलक र मानवीय समाज निर्माणमा अतुलनीय योगदान पुऱ्याएका छन् । साहित्यले मौन अनुभवहरूलाई शब्द र स्वर दिएकै कारण आज नेपाली समाजमा नारीको भूमिका दोस्रो दर्जाको नागरिकबाट परिवर्तन भई निर्णायक शक्तिका रूपमा रूपान्तरित भएको छ । तसर्थ नेपाली नारीसाहित्य

सृजनाको दस्ताबेज मात्र नभई नेपाली समाजको इतिहासलाई पुनर्गठन गर्ने र न्यायपूर्ण भविष्य सुनिश्चित गर्ने एक शक्तिशाली वैचारिक क्रान्ति बनेको छ । अतः नेपाली समाजको आजको लोकतान्त्रिक र प्रगतिशील स्वरूप निर्माणमा नारी साहित्यकारहरूको योगदान ऐतिहासिक र अपरिवर्तनीय रहेको छ।

## *सन्दर्भ सामग्रीसूची*


अर्याल, अम्बिका (२०७९). *नारीवाद र नारीस्रष्टाका उपन्यास.* काठमाडौँः पैरवी बुक हाउस।

अर्याल, अम्बिका (२०८१). 'नारी म युग हुँ !'. *साहित्यपोस्ट.* https://sahityapost.com/top-news/165816, हेरेको मिति : २०८२ फागुन २।

कार्की, नीलम 'निहारिका' (२०७२). *चीरहरण.* काठमाडौँः साङ्ग्रिला बुक्स।

केशरी, गीता (२०४६). *सौगात.* काठमाडौँ : भारद्वाज प्रकाशन।

केशरी, गीता (२०५२). *विश्वास.* काठमाडौँ : गीता केशरी।

कैनी, प्रभा (२०६७). *अनावृत.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन।

खतिवडा, भवानी (२०८२). *प्रणाम सगरमाथा.* काठमाडौँ : पेज टर्नर।

गिरी, वानीरा (२०३६). *कारागार.* काठमाडौँः साझा प्रकाशन।

गिरी, वानीरा (२०६२). *निर्बन्ध.* (दोस्रो संस्क). ललितपुर : साझा प्रकाशन।

गौचन, मनिषा (२०७१). *ह्वाइट केन.* काठमाडौँ : साङ्ग्रिला बुक्स।

घिमिरे, झमक कुमारी (२०६७). *जीवन काँडा कि फूल.* काठमाडौँ : झमक घिमिरे साहित्य प्रतिष्ठान।

ठकुरी, माया (२०६६). *आमा ! जानुहोस्.* (तेस्रो संस्करण). काठमाडौँ : रत्न पुस्तक भण्डार।

ढकाल, रजनी (२०८१). 'रजनी ढकालका तीन कविता'. *रातोपाटी.* https://www.ratopati.com/story/434425, हेरेको मिति : २०८२ असार ३।

तिवारी, दुर्गाकिरण (२०७४). *नचुमेको क्षितिज.* कास्की : तिवारी समाज मालमुल पोखरा।

तिवारी, दुर्गाकिरण (२०७६). *नजरभरि माछापुच्छ्रे.* काठमाडौँ : कौशलकुमार भ!राई।

दाहाल, गौरी (२०७२). *सारथि.* काठमाडौँ : नेक्सस् ट्राभल्स एन्ड टुर्स प्रा.लि.।

देवकोटा, गौरी (२०७७). *प्रतिरोध.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ।

देवकोटा, शान्ता (२०८०). *उन्मुक्त मन.* काठमाडौँ : प्राज्ञिक बुक्स।

देवकोटा, शान्ता (२०८१). *अभ्यागत.* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल।

न्यौपाने, चन्द्रा (२०७८). *फिजाऔँ जागृति.* काठमाडौँ : शेषरमण न्यौपाने।

पन्त, राधिका (२०६७). 'मानव कस्तो भयो ?'. *ज्योतिका युगीन स्वरहरू.* (संयुक्त कवितासङ्ग्रह). काठमाडौँ : ज्योति साहित्य प्रतिष्ठान।

पन्थी, अनिता (२०७८). *अनायोजित.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस।

पाण्डे, भगवती अर्याल (२०७५). 'नेपाल उठ्ला अनि'. *भानु साहित्यिक मासिक.* (वर्ष ५६. अङ्क ३. पूर्णाङ्क २२० पौष)।

पारिजात (विष्णु कुमारी वाइबा) (२०२२). *शिरीषको फूल.* काठमाडौँ : साझा प्रकाशन।

पारिजात (२०३९). *अनिदो पहाडसँगै.* वाराणसी : नाथ पब्लिसिङ हाउस।

पारिजात (२०४६). *परिभाषित आँखाहरू.* काठमाडौँ : स्यो–म्हेन्दो प्रकाशन।

प्रतीक्षा, सरस्वती (२०६९). *बागी सारङ्गी.* काठमाडौँ : साङ्ग्रिला बुक्स।

प्रसाई, इन्दिरा (२०५४). *विश्वामित्र.* काठमाडौँ : पिलग्रिम्स बुक हाउस।

प्रसाई, इन्दिरा (२०७४). *मेरो कथा नलेखिदिनू.* काठमाडौँ : नइ प्रकाशन।

प्रसाई, नरेन्द्रराज र इन्दिरा प्रसाई (२०७१). *विश्व नारी नेपाली स्रष्टाकोश.* (सम्पा.), काठमाडौँ : त्रिमूर्ति निकेतन।

बस्नेत, बाबा (२०६६). *रातकी रानी.* काठमाडौँ : कता जाने पब्लिकेसन सेन्टर प्रा. लि.।

भट्टराई, प्रभा (२०७३). 'परदेशीलाई पत्र'. *प्रज्ञा समकालीन प्रतिनिधि नेपाली छन्द कविता.* (सम्पा.). जगत् उपाध्याय, रामप्रसाद ज्ञवाली र नवराज लम्साल, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

राई, प्रगति (२०७०). *लेखककी स्वास्नी.* काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट।
रिसाल, कौशिला (२०७७). *समय र सपना.* काठमाडौँ : नमुना प्रकाशन तथा अनुसन्धान प्रा. लि.।
रोशी, अनुपम (२०६८). *कुमारी आमा.* काठमाडौँ : बी. एन. पुस्तक संसार प्रा. लि.।
रोशी, सीमा (२०७७). *मङ्गलग्रहको यात्रा.* काठमाडौँ : पूर्णप्रकाश नेपाल यात्री अध्ययन तथा अनुसन्धान केन्द्र।
शर्मा,कुन्ता(२०७४).'पोथीबास्नुहुँदैन'.*प्रज्ञाआधुनिकनेपालीकविता.*(सम्पा.).लक्ष्मणप्रसादगौतमरनेत्रएटमनेपालप्रज्ञा–प्रतिष्ठान।
शर्मा, शारदा (२०८२). 'आस्थाका फूलहरू'. *साहित्य सङ्ग्रहालय.* https://sahityasangraha.com, हेरेको मिति : असार ४।
शर्मा, बेन्जु (२०७२). *बेन्जु शर्माका कथाहरू.* काठमाडौँ : भीमनिधि तिवारी साहित्य समिति।
शाह, प्रेमा (२०६७). 'मम्मी'. *पहेँलो गुलाफ.* काठमाडौँ : रत्न पुस्तक भण्डार।
शेरचन, उषा (२०८२). 'युद्धलाई रोक्न सकेका छैनौ'. *कविता कोश.* http://kavitakosh.org/kk, हेरेको मिति : फागुन २।
श्रेष्ठ, जलेश्वरी (२०६१). *मौन विद्रोह.* विराटनगर : वनिता प्रकाशन।
श्रेष्ठ, जलेश्वरी (२०६९). *नियति चक्र.* काठमाडौँ : सहयोगी प्रकाशन।
श्रेष्ठ, भागीरथी (२०४६). *यस्तो एउटा आकाश.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।
श्रेष्ठ, शान्ता (२०७१). *आक्रोशका काँडाहरू.* काठमाडौँ : शान्ता श्रेष्ठ साहित्य प्रतिष्ठान।
श्रेष्ठ, सरस्वती 'सरू' (२०६७). *एक झुल्को घाम ओर्ले सडकमा.* कास्की : पोखरेली युवा सांस्कृतिक परिवार।
श्रेष्ठ, सरस्वती 'सरू' (२०७४). *फूलहरूको आँधी.* कास्की : पोखरेली युवा सांस्कृतिक परिवार।
सिंह, पद्मावती (२०६२). *समानान्तर आकाश.* ललितपुर : साझा प्रकाशन।
सिंह, पद्मावती (२०६५). *मौन स्वीकृति.* काठमाडौँ : रत्न पुस्तक भण्डार।
सुवेदी, उमा (२०७५). *सयौँ पुतली.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि.।
सुवेदी, गङ्गा (२०७५). *नियालेर आकाश.* काठमाडौँ : डिकुरा पब्लिकेसन।
सुवेदी, बिन्दु (२०७१). *मेरी दिदी र ऊ.* काठमाडौँ : रत्न पुस्तक भण्डार।
Beauvoir, Simone de. (1949). *The second sex.* (H. M. Parshley, Trans.). New York, NY: Vintage Books.
Buell, Lawrence (1995). *The Environmental Imagination Thoreau, Nature Writtings, and the Formation of American Calture.* London : Harvard University Press.
Butler, Judith. (1990). *Gender Trouble: Feminism and the Subversion of Identity.* New York, NY: Routledge.
Cixous, Helene. (1976). 'The laugh of the Medusa' (K. Cohen & P. Cohen, Trans.). *Signs.* 1(4), 875–893.
Crenshaw, K. (1989). *Demarginalizing the Intersection of Race and Sex.* University of Chicago Legal Forum, 1989(1), 139–167.
Federici, Silvia. (2004). *Caliban and the witch: Women, the body and primitive accumulation.* Brooklyn, NY: Autonomedia.
Friedan, Betty. (1963). *The feminine mystique.* New York, NY: W. W. Norton & Company.
Glotfelty, C. (1996). *The Ecocriticism Reader: Landmarks in Literary Ecology* (p. 5). Athens: University of Georgia Press.
Irigaray, Luce. (1985). *Speculum of the other woman.* (G. C. Gill, Trans.). Ithaca, NY: Cornell University Press.
Kristeva, Julia. (1980). *Desire in language: A semiotic approach to literature and art.* New York, NY: Columbia University Press.
Spivak, Gayatri Chakravorty. (1988). *Can the Subaltern Speak?* In C. Nelson & L. Grossberg (Eds.), Marxism and the Interpretation of Culture. London: Macmillan.
Tong, Rosemarie (2009). *Feminist thought: A more comprehensive introduction* (3rd ed.). Boulder, CO: Westview Press.